बागमती प्रदेश
हेटौंडा, नेपाल

मुख्यमन्त्री

# शुभकामना

नेपाली हिन्दुहरूको महान् चाड विजयादशमी, २०८२ को सुखद उपलक्ष्यमा देश र विदेशमा रहनुहुने सम्पूर्ण आमाबुबा, दिदीबहिनी तथा दाजुभाइहरूमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य एवम् दीर्घायुको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछु ।

नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक एवम् बहुसांस्कृतिक विविधताले भरिपूर्ण एक सुन्दर राष्ट्र हो । विजयादशमी, शुभ दीपावली, नेपाल संवत्, छठ पर्व, ल्होसार जस्ता पर्वहरूका आफ्नै मौलिकता तथा मूल्य मान्यताहरू छन् । विविधतायुक्त विशेषताहरू बिचको एकता हाम्रो सांस्कृतिक धरोहर हो । सबै जाति, भाषा, संस्कृति र सभ्यताहरूको संरक्षण र विकास गर्नु हाम्रो दायित्व पनि हो । दसैँ लगायतका हाम्रा सांस्कृतिक पर्वहरूले नेपाली समाज र मानव जीवनमा भ्रातृत्व, भावनात्मक एकता र राष्ट्रिय गौरवका निम्ति विशिष्ट योगदान पुऱ्याउँदै आएका छन् । यसलाई विकसित तुल्याएर राष्ट्रिय एकता हासिल गर्दै समृद्धि सहितको सामाजिक परिवर्तनलाई संस्थागत गर्न बागमती प्रदेश सरकार दृढ संकल्पित छ ।

नेपाल यति वेला लामो राजनीतिक परिवर्तनबाट प्राप्त गणतन्त्र, सङ्घीयता, समावेशिता, सामाजिक न्यायसहितको संविधानको स्वीकार्यता बढाएर संविधानको कार्यान्वयन गर्ने चरणमा छ । राजनीतिक परिवर्तनसँगै परम्परागत मूल्य, मान्यता, संस्कार र पर्वहरूलाई संस्कारयुक्त बनाउन पनि जरुरी छ । हाम्रा मौलिक पर्वहरूभित्र रहेका सकारात्मक र मानवीय जीवनको समृद्धि र विकासका लागि मूल्यवान् संस्कार र शैलीहरूको संरक्षण गर्दै त्यसभित्र विद्यमान रूढीवाद, अन्धविश्वास, भड्किलो चिन्तन र जीवनपद्धतिमा पुनर्विचार गर्नै पर्दछ । यसले हाम्रा मूल्य, मान्यता र संस्कारहरूलाई थप बलियो र जीवनमुखी बनाउन सक्छ भन्ने मेरो विश्वास रहेको छ ।

यस प्रकारका चाडपर्वहरूबाट नेपाली समाजको मौलिक पहिचानको रूपमा रहेको जातीय, भाषिक भौगोलिक, सामाजिक र सांस्कृतिक विविधता बिच आपसी सद्भाव सहिष्णुता र बन्धुत्वको भावना अभिवृद्धि गरी राष्ट्रिय एकता सुदृढ गर्न मद्दत पुग्दछ । चुनौतीलाई अवसरमा बदल्न दसैँ लगायतका सांस्कृतिक पर्वहरूको भावात्मक भूमिका महत्त्वपूर्ण रहेको तथ्य हामीले बिर्सन हुँदैन ।

अन्त्यमा, विजयादशमी, २०८२ लाई आपसी सद्भाव, भाइचारा र मित्रवत् सम्बन्ध विकास गर्ने अवसरका रूपमा मनाउन सम्पूर्ण आमाबुवा, दिदीबहिनी तथा दाजुभाइहरूमा अनुरोध गर्दै विजयादशमीको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

*धन्यवाद । जय नेपाल ।*

इन्द्रबहादुर बानियाँ
मुख्यमन्त्री

विक्रम सम्वत् २०८२ आश्विन, १६
नेपाल सम्वत् ११४५ कौलाथ्व, दशमी